# अल्लाहका निशानीहरू

पढ्नुहोस्
↓
विचार गर्नुहोस्
↓
सिक्नुहोस्
↓
अवलोकन गर्नुहोस्
↓
अन्वेषण गर्नुहोस्
↓
प्रतिक्रिया दिनुहोस्

नि:सन्देह आकाशमण्डल र पृथ्वीको सृष्टि अनि रात र दिनको चक्रमा बुद्धिमान मानिसहरूका लागि निशानीहरू छन् ।

जुन मानिसहरूले उठदा, बस्दा र सुत्दा पनि अल्लाहको स्मरण गर्छन्, अनि आकाशमण्डल र पृथ्वीको सृष्टिमाथि चिन्तन गर्छन्, अनि भन्छन्:

हे हाम्रो प्रतिपालक ! तपाईंले यी सबै बिना कुनै उद्देश्य सृष्टि गर्नुभएको होइन,

तपाईं उच्च एवं पवित्र हुनुहुन्छ । हामीलाई नर्कको यातनाबाट बचाउनुहोस् ।

पवित्र ग्रन्थ कुर्आन: ३: १९०-१९१

# होबोक

## बल र चुम्बकीय क्षेत्रहरूको ब्रह्माण्डीय जाल

यो विशाल ब्रह्माण्ड गुरुत्वाकर्षण र संवेग बलहरूका साथै जटिल चुम्बकीय क्षेत्रहरूको जालले जोडिएको छ। पवित्र ग्रन्थ कुर्आनको सूरह ५१ : ७ ले आकाशको बनावट तथा मार्गलाई ‘होबोक’ शब्दद्वारा स्पष्ट पारेको छ। ‘होबोक’ एउटा अरबी शब्द हो, जसको अर्थ हो- व्यवस्थित तरिकाले बुनिएको वा आपसमा जोडिएको कपडाको संरचना तथा जालो। आधुनिक विज्ञानले पनि ब्रह्माण्डमा गुरुत्वाकर्षण र चुम्बकीय बलको कपडा झैँ बुनिएको जालो अर्थात संरचना रहेको पुष्टि गर्छ। ब्रह्माण्डीय जालो वा “होबोक” बारे जान्नको लागि बारकोड स्क्यान गरेर भिडियो हेर्नुहोस्।

Watch me!
Hobok: The cosmic web
You Tube

# ग्रह र ताराहरूको चाल



अल्लाहले नै रात र दिन बनाउनुभयो अनि सूर्य र चन्द्रमालाई सृष्टि गर्नुभयो, प्रत्येक आ-आफ्नो कक्षमा घुमिरहेका (चलायमान) छन् ।

पवित्र ग्रन्थ कुर्आन: २१: ३३ को अर्थ

S-3

Watch me! How does the universe expand?

# बिग बैंग



## ब्रह्माण्डको बिस्तार

के अविश्वासी तथा नास्तिकहरूलाई थाहा छैन कि
आकाशहरू र पृथ्वी एक-आपसमा जोडिएका थिए,
अनि हामीले तिनलाई अलग गर्यौं ? अनि हामीले
हरेक जीवित वस्तुलाई पानीबाट सृष्टि गर्यौं । तैपनि
यिनीहरूले विश्वास गर्दैनन् ?

पवित्र ग्रन्थ कुर्आनः २१: ३० को अर्थ

Watch me! How did creation begin?

अनि उनीहरूका लागि एउटा “निशानी” रात पनि हो । जसमा हामीले दिनको उज्यालोलाई हटाउँछौं र त्यसबेला मानिसहरू तुरुन्त अँध्यारोमा पर्न जान्छन् ।

अनि सूर्य आफ्नो निर्धारित मार्गमा हिंडिरहन्छ, यो सर्वशक्तिमान् तथा सर्वज्ञानी अल्लाहको तर्फबाट निर्धारित गरिएको छ ।

र चन्द्रमाको पनि हामीले गन्तव्यहरू निर्धारित गरेका छौं, यहाँसम्म कि फर्केर (घट्दै-घट्दै) पुरानो हाँगो जस्तो हुनजान्छ ।

नत सूर्यले चन्द्रमालाई समात्न सक्छ, न रात दिनभन्दा पहिले आउन सक्छ, अनि सबै आफ्नो परिधिमा निरन्तर घुमिरहेका छन् ।

पवित्र ग्रन्थ कुर्आनः ३६ः ३७- ४० को अर्थ



“हामीले आफ्नो शक्तिद्वारा आकाशलाई बनायौं र निस्सन्देह हामी यसलाई विस्तार गर्न सक्षम छौं ।”

पवित्र ग्रन्थ कुर्आन: ५१: ४७ को अर्थ



Watch me!
How does the universe expand?



# हे मानिसहरू !

## एउटा उदाहरण वर्णन गरिँदैछ, त्यसलाई ध्यानपूर्वक सुन।

**तिमीले अल्लाह बाहेक जस-जसलाई पुकाछौं, तिनीहरूले एउटा झिंगा पनि सृष्टि गर्न सक्दैनन्। यद्यपि त्यसको निम्ति सबै एकत्रित किन नहोऊन् र यदि झिंगाले उनीहरूसित कुनै वस्तु खोसेर लैजान्छ भने झिंगाबाट तिनीहरूले खोसिएको वस्तुलाई छुटाउन पनि सक्दैनन्। जसले माग्छ (पुकार्दैछ) ऊ पनि असहाय तथा कमजोर छ र जससँग मागिंदैछ ऊ पनि असहाय तथा कमजोर छ।**

पवित्र ग्रन्थ कुर्आन: २२: ७३ को अर्थ

झिंगाका साना, माध्यमिक पखेटा हुन्छन्, जसलाई हल्टर भनिन्छ, जो पखेटाको मुख्य जोडको मुनि अवस्थित हुन्छन्। झिंगाहरूले मुख्यतया सन्तुलन हासिल गर्नका लागि हल्टरहरू प्रयोग गर्छन्। तिनीहरू माथि, तल, अगाडी र पछाडी पनि उड्न सक्छन्।

झिंगाका ६ वटा खुट्टा हुन्छन्। प्रत्येक खुट्टा पाँचवटा खण्डहरूबाट बनेको हुन्छ, जसमा टाँसिने खाले रौंहरू समावेश हुन्छन्, जुन लगभग कुनै पनि सतहमा टाँसिन सक्छ। तिनीहरू छतमा पनि हिंड्न र टाँसिन सक्छन्। साथै, झिंगाले आफ्नो खुट्टा र शरीरको रौँलाई स्वाद र गन्धको लागि पनि प्रयोग गर्दछ।



**छिट्टै** नै हामीले उनीहरूलाई हाम्रा निशानीहरू क्षितिजमा देखाउनेछौं र स्वयम् उनीहरूको अस्तित्वमा पनि, ताकि उनीहरूलाई यो (कुरआन) सत्य छ भन्ने कुरा स्पष्ट हुनेछ ।

पवित्र ग्रन्थ कुर्आनः ४१: ५३



# हे मानवहरू !

यदि तिमीलाई (मृत्यु पश्चात्) पुनः जीवित हुने विषयमा कुनै सन्देह छ भने सोच, हामीले तिमीलाई (सर्वप्रथम) माटोबाट सृष्टि गर्यौं, अनि त्यसपछि वीर्यबाट, अनि रगतको डल्लोबाट (भ्रूणबाट), अनि मासुको डल्लोबाट, जुन आकार दिइएको थियो जसको पहिले कुनै रूप थिएन । यसरी हामीले तिमीलाई आफ्नो सामर्थ्य स्पष्ट पार्छौं ।

पवित्र ग्रन्थ कुर्आनः २२: ५ को अर्थ



अनि
हामीले जसलाई
चाहन्छौं एक निर्धारित समयसम्म तिम्रो
आमाको पेटमा राख्छौं, अनि त्यसपछि तिमीलाई
एउटा शिशुको रूपमा संसारमा ल्याउँछौं । ताकि त्यसपछि
तिमी आफ्नो युवा अवस्थामा पुग, अनि तिमीहरूमध्ये कोही त
पहिले नै मर्छन् र केही बुढेसकालको कमजोर अवस्थातिर लगिन्छन् ।
जसले गर्दा धेरै कुराको ज्ञान भएर पनि अज्ञान झैँ हुन्छन् ।

